वालिङ् नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

स्था : २०७३

गण्डकी प्रदेश, नेपाल

प.स.: २०७७/०७८

च.नं. २६३४

मिति : २०७८/०३/०१

विषयः २०७८ सालको विद्यार्थी भर्ना तथा पठनपाठन सञ्चालन सम्वन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सवै,

वालिङ नगरपालिका स्याङ्जा ।

कोभिड १९ संकमणको अवस्था सहज भइ नसकेको अवस्थामा यस नगरपालिका विद्यालयहरु पूर्ववत अवस्थामा सञ्चालन हुन सक्ने स्थिति नरेहेकोले तत्काल तपसिल वमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिलः

१. शैक्षिक सत्र २०७८ को विद्यार्थी भर्ना अभियान असार १ गतेदेखि सुरु गर्ने ।
२. स्थानीय प्रशासन वाट जारी गरिएको आदेशलाई ध्यान दिई विद्यार्थी भर्ना गर्दा अनलाइन तथा टेलिफोन वाट अभिभावक लाई सम्पर्क गरी भर्ना गर्ने व्यवस्था मिलाउने ।
३. कुनै विद्यार्थी अध्ययनरत विद्यालय वाट अर्को विद्यालयमा भर्ना हुन चाहेमा विद्यालयले स्थानान्तरण प्रमाण पत्र उपलव्ध गराउने, स्थानान्तरण प्रमाण पत्र विना विद्यार्थी भर्ना नगर्ने ।
४. जनस्वास्थ्य र सुरक्षाका मापदण्ड र आदेशको अधिनमा रही शैक्षिक सत्र २०७८ का लागि विद्यार्थी लाई पाठ्यपुस्तक उपलव्ध गराउन व्यवस्था मिलाउने ।
५. शिक्षा मन्त्रालयवाट जारी भएको विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ अनुसार सिकाई लाई निरन्तरता दिने ।
६. विभिन्न रेडियो टेलिभिजन वाट प्रसारण भएका विषयगत श्रव्यदृश्य पाठहरु वाट सिक्न विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने ।
७. शिक्षा तथा मानव स्रोत विकास केन्द्रवाट विकास गरिएको Mobile App; e-class Nep शिक्षक, विद्यार्थी तथा अभिभावकले आफ्नो Android Mobile मा install गरी App मा समावेश गरिएका कक्षा १ देखि १० सम्मका शिक्षण पाठहरु ,पाठ्यपुस्तक र नमुना प्रश्नपत्रहरु आदि हेरी सिक्ने व्यवस्था मिलाउने ।
८. वैकल्पिक सिकाई लाई निरन्तरता दिने उदेश्यले शिक्षा तथा मानव स्रोत केन्द्र द्धारा पाठ्यक्रम पाठ्यपुस्तकमा आधारित भई उत्पादन गरिएका कक्षा १-८ ( नयाँ पाठ्यपुस्तक लागु भएका कक्षा २,३ ,६ वाहेक) विषयगत श्रव्यदृश्य पाठहरु नेपाल टेलिभिजनको NTV च्यानलवाट र कक्षा १-१० ( नयाँ पाठ्यपुस्तक लागु भएका कक्षा २,३,६ वाहेक) का विषयमा विषयगत श्रव्यदृश्य पाठहरु Dish Media Network Ltd को Dish Home , NITV वैकल्पिक सिकाई लाई निरन्तरता दिने उदेश्यले शिक्षा तथा मानव स्रोत केन्द्रद्धारा पाठ्यक्रम पाठ्यपुस्तकमा आधारित भई उत्पादन गरिएका कक्षा १-८ ( नयाँ पाठ्यपुस्तक लागु भएका कक्षा २,३ ,६ वाहेक) विषयगत श्रव्यदृश्य पाठहरु नेपाल टेलिभिजनको NTV

फोन नं.: + ९७७- ६३-४४०१७७,४४०२३७
ईमेल : Walingmun@gmail.com, info@walingmun.gov.np
फ्याक्स : +९७७-६३-४४०१७७
वेब पेजः www.walingmun.gov.np

वालिङ् नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
स्था. २०७३
गण्डकी प्रदेश, नेपाल

प.स.: २०७७/०७८

च.नं. : २६३४

मिति : २०७८/०३/०१

च्यानलवाट र कक्षा १-१० ( नयाँ पाठ्यपुस्तक लागु भएका कक्षा २, ३, ६ वाहेक) का विषयमा विषयगत श्रव्यदृश्य पाठहरु Dish Media Network Ltd को Dish Home , NITV Stream Pvt. Ltd को NET TV, Mega Max TV.Pvt Ltd को Max TV ,Divine stream Network Pvt Ltd को Mero TV र Subisu Cable Net p.Ltd को Clear TV को विद्यालय शिक्षा (school Education) च्यानलवाट साविक झै २०७८/०३/०१ देखि प्रशारण हुने व्यहोरा अनुरोध छ । साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्र वाट उत्पादित १-१० सम्मका श्रव्यदृश्य पाठहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Youtube Channel www.youtube.com/nced Virtual वाट आफ्नो अनुकुल समयमा हेर्न र Facebook page www.facebook.com/radio distance मा आफ्नो अनुकुल समय अनूसार सुन्न सकिने हुदा सो अनुसार हेर्ने र सुन्ने व्यवस्था मिलाउने ।

९. कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरु रेडियो नेपालवाट तथा देश भरका करिव २०१ वटा सामुदायिक रेडियोहरु मार्फत २०७८/०३/०१ गते देखि प्रसारण हुने भएकोले सो अनुसार सुन्ने व्यवस्था मिलाउने ।

१०. माथि उल्लेखित मिति २०७८/०३/०१ देखि २०७८/०३/१५ सम्म प्रशारण हुने श्रव्यदृश्य पाठहरुको समय तालिका संलग्न गरिएकोले विद्यार्थीलाई जानकारी गराउने ।

११ वर्षाका कारण विद्यालयमा विभिन्न क्षति हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै पूर्व सावधानी र उच्च सतर्कता अपनाउने ।

१२ चालु शैक्षिक सत्रमा नेपालको नयाँ नक्सा भएको पाठ्यपुस्तक खरिद गरी अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाउने ।

१३. शिक्षकको छुट प्राविधिक ग्रेड पाउनुपर्ने भए सपोर्टिङ डकुमेन्ट सहित माग गर्ने ।

१४. समय समयमा प्रमुख जिल्ला अधिकारी वाट जारी भएको निशेषाज्ञाको पालना गर्ने ।

.............................................

बाबुराम सापकोटा

उपसचिव

**उप-सचिव (शिक्षा)**

फोन नं.: + ९७७- ६३-४४०१७७,४४०२३७ फ्याक्स : +९७७-६३-४४०१७७
ईमेल : Walingmun@gmail.com, info@walingmun.gov.np वेब पेजः www.walingmun.gov.np